मिति : २०७९/०४/२४ (मंगलबार) स्थान : पोखरा महानगरपालिकाको सभाहल

बैठक संख्या : ०५ समय : दिनको ४:०० वजे ।

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्युको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको पाँचौ बैठक पोखरा महानगरपालिकाको सभाहलमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारको निर्णय गरियो ।

| क्र.सं. | | पदाधिकारीहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री धनराज आचार्य | प्रमुख | |
| २ | उपाध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | उप प्रमुख | |
| ३ | सचिव | श्री वीरेन्द्रदेव भारती | प्र.प्र.अ. | |
| ४ | सदस्य | श्री शाहारा प्रधान | अध्यक्ष वडा नं.१ | |
| ५ | सदस्य | श्री दिवस प्रधानाङ्ग | अध्यक्ष वडा नं.२ | |
| ६ | सदस्य | श्री प्रकाशमान उदास | अध्यक्ष वडा नं.३ | |
| ७ | सदस्य | श्री देव कृष्ण पराजुली | अध्यक्ष वडा नं.४ | |
| ८ | सदस्य | श्री विष्णु प्रसाद बराल | अध्यक्ष वडा नं.५ | |
| ९ | सदस्य | श्री विष्णु बहादुर भट्टराई | अध्यक्ष वडा नं.६ | |
| १० | सदस्य | श्री राममोहन आचार्य | अध्यक्ष वडा नं.७ | |
| ११ | सदस्य | श्री रुद्रनाथ बराल | अध्यक्ष वडा नं.८ | |
| १२ | सदस्य | श्री दिपेन्द्र मर्सानी | अध्यक्ष वडा नं.९ | |
| १३ | सदस्य | श्री राजेश गुरुङ्ग | अध्यक्ष वडा नं.१० | |
| १४ | सदस्य | श्री प्रेम प्रसाद कर्माचार्य | अध्यक्ष वडा नं.११ | |
| १५ | सदस्य | श्री सन्तोष वास्तोला | अध्यक्ष वडा नं.१२ | |
| १६ | सदस्य | श्री किरण बराल | अध्यक्ष वडा नं.१३ | |
| १७ | सदस्य | श्री बोध बहादुर कार्की | अध्यक्ष वडा नं.१४ | |
| १८ | सदस्य | श्री तोरण बहादुर बानिया | अध्यक्ष वडा नं.१५ | |
| १९ | सदस्य | श्री अमृत शर्मा तिमिल्सीना | अध्यक्ष वडा नं.१६ | |
| २० | सदस्य | श्री राधिका कुमारी शाही | अध्यक्ष वडा नं.१७ | |

| | | | | |
|---|---|---|---|---|
| २१ | सदस्य | श्री शिव प्रसाद तिमिल्सीना | अध्यक्ष वडा नं.१८ | |
| २२ | सदस्य | श्री पुष्पेन्द्र पाण्डे | अध्यक्ष वडा नं.१९ | |
| २३ | सदस्य | श्री गंगा बहादुर खत्री | अध्यक्ष वडा नं.२० | |
| २४ | सदस्य | श्री दिपक प्रसाद सुवेदी | अध्यक्ष वडा नं.२१ | |
| २५ | सदस्य | श्री हिमलाल बराल | अध्यक्ष वडा नं.२२ | |
| २६ | सदस्य | श्री रामकाजी गुरुङ्ग | अध्यक्ष वडा नं.२३ | |
| २७ | सदस्य | श्री भरत बहादुर अधिकारी | अध्यक्ष वडा नं.२४ | |
| २८ | सदस्य | श्री मोतिराज तिमिल्सीना | अध्यक्ष वडा नं.२५ | |
| २९ | सदस्य | श्री नरेन्द्र थापा | अध्यक्ष वडा नं.२६ | |
| ३० | सदस्य | श्री पूर्ण कुमार गुरुङ्ग | अध्यक्ष वडा नं.२७ | |
| ३१ | सदस्य | श्री श्रीकृष्ण लामिछाने | अध्यक्ष वडा नं.२८ | |
| ३२ | सदस्य | श्री श्रीप्रसाद गुरुङ्ग | अध्यक्ष वडा नं.२९ | |
| ३३ | सदस्य | श्री दुर्गा प्रसाद सुवेदी | अध्यक्ष वडा नं.३० | |
| ३४ | सदस्य | श्री ढकनाथ कडेल | अध्यक्ष वडा नं.३१ | |
| ३५ | सदस्य | श्री अक्कल बहादुर कार्की | अध्यक्ष वडा नं.३२ | |
| ३६ | सदस्य | श्री रामचन्द्र अधिकारी | अध्यक्ष वडा नं.३३ | |
| ३७ | सदस्य | श्री दिपक घिमिरे | कार्यपालिका सदस्य | |
| ३८ | सदस्य | श्री हरिमाया बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३९ | सदस्य | श्री गोविन्द तुलाचन | कार्यपालिका सदस्य | |
| ४० | सदस्य | श्री मन्दिरा परियार | कार्यपालिका सदस्य | |
| ४१ | सदस्य | श्री धन कुमारी पोखेल | कार्यपालिका सदस्य | |
| ४२ | सदस्य | श्री निर्मल दियाली | कार्यपालिका सदस्य | |
| ४३ | सदस्य | श्री निर्मला पौडेल | कार्यपालिका सदस्य | |
| ४४ | सदस्य | श्री भिम कुमारी पुन गर्बजा | कार्यपालिका सदस्य | |

## नगर कार्यपालिकाको पाँचौं बैठकका निर्णयहरु (२०७९/०४/२४)

**निर्णय नं. १ :–** चालु आ.व. २०७९/०८० को लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम महानगरपालिकाको निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय दररेट स्वीकृत गर्ने । दररेट अनुसूचीमा संलग्न छ । साथै दररेटमा उल्लेख नभएको बस्तु तथा सेवामा काठमाण्डौ उपत्यका भित्रका गरपालिकाको दररेटलाई आधार मान्ने निर्णय गरियो । दररेट **अनुसूची-१** मा संलग्न छ ।

**निर्णय नं. २ :–** पोखरा महानगरपालिका वडा नं. ३३ मा एशियाली विकास बैक मार्फत जापान सरकारको अनुदान (JFPR Grant) सहयोगमा निर्माण हुने कोभिड-१९ तथा सो प्रकृतिका अन्य रोगका साथै भविष्यमा आउन सक्ने विपद् व्यवस्थापनमा समेत उपयोग हुने अक्सिजन सिलिन्डर सहितको बहुउद्देशीय भवन निर्माणका लागि ३३ नं. वडा कार्यालयको च. नं ४६१६ मिति २०७९।०३।१३ को पत्रबाट सिफारिस भए अनुसार विपद् व्यवस्थापन प्रयोगको लागि नछुट्याईएको र च. नं. ३२८ मिति २०७९।०४।२३ को पत्रबाट सिफारिस भै आएको साविक भोटेपोखरी वडा नं. ४ हाल वडा नं. ३३ को पूर्व कि. नं. २०९६, पश्चिम २१८०, उत्तर कि. नं. १७७९ र दक्षिण कि. नं. १५२३ यती चारकिल्ला भित्रको कि. नं. ६०१ को कित्ता जग्गा मध्येबाट सार्वजनिक उपयोग भैरहेका आवागमनमा अवरोध नहुने र मापदण्ड कटाई उत्तर तर्फ अन्दाजी २ रोपनी जग्गा निर्मलपोखरी बाघमारा पुडी साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई उपलब्ध गराउने निर्णय भयो ।

**निर्णय नं. ३ :–** महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको प्राकृतिक स्रोत परिचालन गर्ने सिलसिलामा कानुन अनुसार गर्नुपर्ने वातावरणिय प्रभाव मूल्याकंन कार्यलाई व्यवस्थित र छिटो छरितो सम्पन्न गर्नको लागि बनेको **"पोखरा महानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९"** स्वीकृत गरियो । कार्यविधि **अनुसूची-२** मा संलग्न छ ।

**निर्णय नं. ४ :–** पोखरा महानगरपालिका वडा नं. १८ मा नेपाल सरकारको नाउँमा साविक पदेली गा.पा.वडा नं.१ हाल पो.म.न.पा. वडा नं. १८ मा रहेको कि. नं. १ क्षेत्रफल २२-२-१-० मध्ये क्षेत्रफल ७-०-०-० को जग्गा, साविक पदेली गा.वि.स. वडा नं.४ हाल पो.म.न.पा.वडा नं. १८ कि. नं. ३८८ क्षे.फ. १-१-०-१, कि. नं. ३९८ क्षे.फ. २-१४-१-३, कि. नं. २६६ क्षे.फ. १०-०-०-० र कि. नं. ५५६ क्षे.फ. ५३-८-१-३ मध्ये शिव मन्दिर देखि पश्चिम, उत्तर र दक्षिण तर्फको १५-०-०-० गरी जम्मा ३५-१५-२-० जग्गा १८ नं. वडा कार्यालयको च. नं. २५४ मिति २०७९।०४।२२ को पत्रबाट उक्त जग्गा विपद व्यवस्थापन प्रयोजनको लागि नछुट्याईएको र सार्वजानिक आवागमनमा असर नपर्ने तथा सराङ्कोट टावर क्षेत्रको जग्गा कटाई सराङ्कोट धार्मीक एवं पर्यटन क्षेत्र विकास समितिलाई ३० वर्षको लागि भोगाधिकार उपलव्ध गराउन सिफारिस भै आएकाले सो बमोजिम भोगाधिकार उपलव्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गर्ने ।

**निर्णय नं. ५ :–** वडा नं. २१ र ३३ मा संचालन हुने भरतपोखरी कृस्ति निर्मलपोखरी सह-लगानी खानेपानी आयोजना विस्तारको लागि खानेपानी मन्त्रालयबाट आ.व. २०७९/०८० मा विनियोजन भएको रकम रु. ४६ करोड ९० लाख ८ सय ४२ रुपियाको जनसहभागीता वापतको १० प्रतिशत रकम रु. ४ करोड १४ लाख ८१ हजार आयोजना अवधि भर उपलब्ध गराउने र आ.व. २०७९/०८० को लागि १

प्रतिशत रु. ४६,०९,०००/- रकम स्रोत सुनिश्चित हुनेगरी महानगरबाट आयोजना सँग (MOU) गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :–** पोखरा महानगरपालिकामा हाल कार्यरत नगर प्रहरीको संख्याले नगरपालिकाको ठुलो भुगोलमा नगर प्रहरीबाट सम्पादन गर्नुपर्ने कार्यहरु मापदण्ड अतिक्रमण, सार्वजनिक जमीन अतिक्रमण, सडक फुटपाथ अतिकमण, मुद्दा मामीला र नियमित गस्ती जस्ता कार्य गर्न अपर्याप्त भई थप नगर प्रहरी आवश्यक भएको र चालु आ.व. को लागि ५० जना सम्म नगर प्रहरीको लागि पारिश्रमिक रकम विनियोजन भएको हुँदा हाल कार्यरत संख्या सहित ५० जनामा नबढ्ने गरी प्रहरी निरीक्षक सहित नपुग नगर प्रहरी सेवा करारमा भर्ना प्रक्रिया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाइ निर्देशन दिने ।

**निर्णय नं ७ :–** महानगरपालिकामा विभिन्न पदको काम गर्न विभिन्न मितिमा सेवा करारमा कामकाज गर्दै आएका कर्मचारीहरुको म्याद मिति २०७९ आषाढ मसान्तमा समाप्त भएकाले सो विषयमा देहाय बमोजिम गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

(क) लामो समयसम्म कामगरेका सेवा करार कर्मचारीको लागि चालु आ.व. मा बजेट विनियोजन भएकाले स्वेच्छिक अवकाश कार्यकम कानुन बमोजिम यथासिघ्र कार्यान्वयन गर्ने ।

(ख) लोकसेवा आयोगबाट सम्बन्धित पदमा पदपुर्ती भै आएका हकमा सो पदमा कार्यरत सेवा करारमा कामकाज गर्दै आएका कर्मचारीको सेवा करार नविकरण नगर्ने ।

(ग) लोकसेवा आयोगबाट पदपुर्ती हुने रिक्त पदमा स्थायी पदपुर्तीको लागि यथासिघ्र लोकसेवा आयोगमा माग आकृति फाराम भरि पठाउने ।

(घ) माथि उल्लेखित बुँदामा उल्लेख भए बाहेकका सेवा करारमा कामकाज गदै आएका कर्मचारीको मिति २०७९ श्रावण १ देखि बढीमा ६ महिना सम्मको लागि अन्तिम पटक म्याद थप गर्ने ।

(ङ) यस महानगरपालिकाको सम्पूर्ण कार्यसम्पादन, संगठन संरचना सम्बन्धी विस्तृत अध्ययन गरी दुई महिना भित्र प्रतिबदन पेश गर्न **संस्थागत विकास तथा सुशासन समिति**लाई जिम्मेवारी दिने ।

**निर्णय नं ८ :–** प्रजातन्त्र पुनर्स्थापनाको लागि भएको दोस्रो जन अन्दोलनको समयमा पोखरामा भएको प्रजातन्त्र पुनर्स्थापना माग राखी भएको जुलुसमा गोली चल्दा गोली लागेर शाहदत प्राप्त गर्नु भएका वडा नं. ५ निवासी जन आन्दोलनको प्रथम शहिद भिमसेन दाहालको छोरा श्री विस्तृत दाहालले चिकित्साशास्त्र अध्ययन गर्न ईच्छा भएको तर छात्रबृत्तीमा नाम ननिस्केकोले शुल्क तिरेर अध्ययन गर्न मणिपाल शिक्षण अस्पतालमा अवसर मिलेको तर आफ्नो अर्थोपार्जन गर्ने परिवारको एक मात्र मुख्य व्यक्ती बुबाको दोश्रो जनआन्दोलनको कममा प्रहरीको गोली लागि देहावसान भएको हुँदा आर्थिक विपन्नताको कारण अध्ययन गर्न लाग्ने शुल्क व्यवस्था गर्न नसकेको भनि महानगरपालिकामा आर्थिक सहयोग माग गरेको हुँदा महानगरपालिकाले यसमा सहयोग गर्दा जनआन्दोलनका सम्पूर्ण शहिद, घाईते र लोकतन्त्रको सम्मान हुने भएकोले निजलाई मणिपाल शिक्षण अस्पताल, पोखरामा चिकित्सा शास्त्र MBBS अध्ययन गर्न मणिपाल शिक्षण अस्पताललाई शुल्कमा साझेदारी गर्न अनुरोध गर्ने र नपुग शिक्षण शुल्क ५

वर्ष सम्म वार्षिक रुपमा कमशः भुक्तानी गर्दै जाने निर्णय गरियो । कलेजबाट निज विस्तृत दाहालको अध्ययनको लागि शुल्क के कति लाग्ने हो, सो को यकिन गरि पठाउन पत्राचार गर्ने निर्णय गरियो

**निर्णय नं ९ :–** भू-उपयोग ऐन, २०७६ को दफा १८ (१) मा भू-उपयोग योजना कार्यान्वयन गर्न एक स्थानीय भू-उपयोग परिषद रहनेछ भन्ने व्यवस्था भएको र उपदफा (२) मा स्थानीय कार्यपालिकाले स्थानीय भूउपयोग परिषदको रुपमा कार्यगर्न सक्नेछ भन्ने उल्लेख भएको हुँदा उल्लेखित ऐनमा व्यवस्था भए बमोजिम स्थानीय भू-उपयोग परिषद गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :–** पोखरा महानगर क्षेत्रको फोहोर मैला संकलन गर्ने साझेदार देहायका कम्पनीहरुको महानगरपालिका सँग भएको सम्झौताको म्याद मिति २०७९ आषाढ मसान्तमा समाप्त भएको र फोहोर संकलन तथा व्यवस्थापन गर्ने अर्को बैकल्पिक व्यवस्था भई नसकेको हुँदा हाल सम्मको महानगरपालिकालाई बुझाउनुपर्ने रकम अग्रीम भुक्तानी गरेका साझेदार कम्पनीसँगको सम्झौताको म्याद समाप्त भएको मिति २०७९/०४/०१ देखि ३ महिनाको लागि अग्रिम रकम भुक्तानी गरी सम्झौता अवधि थप गर्ने निर्णय गरियो ।

| सि. नं. | साझेदार कम्पनीको नाम | वार्षिक बुझाउनु पर्ने रकम रु | ३ महिनाको लागि अग्रिम बुझाउनुपर्ने रकम रु. |
|---|---|---|---|
| १ | पोखरा फोहोर मैला प्रा.लि. | २३,५३,८६७।०० | ५,८८,४६७- |
| २ | बृहत वातावरणीय नेपाल प्रा.लि. | १२,५७,२०३।०० | ३,१४,३००।- |
| ३ | वेष्ट मेनेजमेण्ट रिसाईक्लिङ्ग प्रा.लि. | २२,६९,६३१।०० | ५,६७,४०८।- |
| ४ | नेपाल पब्लिक हेल्थ एण्ड ईन्भाईरोमेण्ट फर डेभलपमेण्ट प्रा.लि. | १३,००,२०७।०० | ३,२५,०५२।- |
| ५ | भद्रकाली वेष्ट म्यानेजमेण्ट प्रा.लि. | ४४,०२,७९१।०० | ११,००,६९८॥- |
| ६ | प्रगती संसार प्रा.लि. | ४१,८८,७७२।०० | १०,४७,१९३।- |
| ७ | वेष्ट सर्भिस प्रा.लि. | १२,१०,०००।०० | ३,०२,५००।- |
| | जम्मा | | ४२,४५,६१८।- |

**निर्णय नं. ११ :–** वडा नं. ११ मा रहेको गीता अध्ययन मण्डल, सनातन धर्म सेवा आश्रमले भोग चलन गर्दै आएको वडा नं. ११ को कि. नं. २२ क्षेत्रफल २५३३.२० बर्ग मिटर जग्गा उक्त समितिको नाउँमा भोगाधिकार गराउन प्रक्रिया अघि बढाई दिन वडा कार्यालयको च. नं १७३ मिति २०७९/०४/२२ को पत्रबाट सिफारिस भए बमोजिम भोगाधिकार उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गर्ने

**निर्णय नं. १२ :–** वडा नं. ९ महेन्द्रपुल स्थित महानगरपालिकाको स्वामीत्वमा रहेका आर्ट ग्यालरी र पुस्ताकालय भवनमा रहेका सटरहरुमा महानगरसँग भाडा सम्झौता गरी बसेका व्यवसायीले आ.व. २०७६/०७७ र २०७७/०७८ मा कोभिडको महामारीका कारण लकडाउनको अवधिमा व्यवसाय संचालन हुन नसकेकोले भाडा छुट माग गरेको हुँदा निजहरुले आ.व. २०७६/०७७ र २०७७/०७८ मा महानगरपालिकालाई बुझाउनुपर्ने भाडा रकम एकमुष्ठ बुझाएमा यस पूर्व बहाल आयमा छुट सुविधा प्राप्त गरेको भए सो अवधि समेत गणना गरी कोभिड लकडाउनको कारण व्यवसायमा संचालन हुन

नसकेको प्रतिकुल अवस्थाको मध्येनजर गरी बढीमा एक वर्षको बहाल आय रकम र सो रकम ढिला बुझाए बापत लाग्ने जरीवाना समेत छुट दिने निर्णय गरियो ।

निर्णय नं १३ :– विधायन समितिबाट स्वीकृत भै आएको पोखरा महानगरपालिका कर्मचारी स्वर्णिम अवकाश योजना सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो । कार्यविधि **अनुसूची-३** मा संलग्न छ ।

निर्णय नं १४: – पोखरा महानगरपालिका कर्मचारी स्वर्णिम अवकाश योजना सम्बन्धी कार्यविधि, २०७९ बमोजिम प्रक्रिया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं १५ :–**छलफलमा प्रस्तुत भएका** देहाय बमोजिमका कार्यविधिहरु विधायन समितिबाट पारीत भई आए अनुसार राजपत्रमा प्रकाशन हुने गरि स्वीकृत गर्ने निर्णय गरियो । कार्यविधि अनुसूचीमा संलग्न छ ।

| | |
|---|---|
| १ | महानगरपालिका व्यवसाय प्रबर्द्धन केन्द्र संचालन कार्यविधि, २०७९ |
| २ | महानगरपालिका स्वास्थ्य व्यवस्थापन कार्यविधि, २०७९ |
| ३ | महानगरपालिका यातायात व्यवस्थापन कार्यविधि, २०७९ |
| ४ | महानगरपालिका सुचना संचार व्यवस्थापन कार्यविधि, २०७९ |

निर्णय नं १६ :– मानवअधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना सम्बन्धी अभिमुखीकरण तथा समन्वय समिति गठन कार्यक्रम सम्पन्न भयो ।

निर्णय नं १७ :– मानवअधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाका विषयमा इन्सेकका संयोजक शिव खकुरेलबाट प्रस्तुती भयो ।

निर्णय नं १८ :– कार्यपालिका बैठकमा नगर प्रमुख ज्यूबाट पाँचौं राष्ट्रिय मानवाधिकार कार्ययोजना समन्वय समितिमा महानगरका प्रमुख संयोजक ।रहने गरी उप प्रमुख, वार्ड अध्यक्षहरु, विषयगत महाशाखा प्रमुख, जिल्ला प्रहरी कार्यालयका प्रमुख सदस्य रहने र नागरिक समाजबाट मनोनित गरिने ३ जना सदस्य पछि मनोनयन गर्ने निर्णय भयो ।

निर्णय नं १९ :– पोखरामा दैनिक उत्सर्जन हुने फोहोर व्यवस्थापनलाई तत्काल बैज्ञानिक र व्यवस्थित तरिकाले व्यवस्थापन गर्न आवश्यक भएकाले फोहोर मैला व्यवस्थापनको सन्दर्भमा धरान उप-महानगरपालिकाले अपनाएको विधि र भारतको दिल्ली शहरको फोहोर व्यवस्थापनको अध्ययन अवलोकनको लागि नगर प्रमुख ज्यूको संयोजकत्वमा नगरपालिकाका अन्य पदाधिकारी तथा महाशाखाका कर्मचारी समेतको टोली धरान उपमहानगरपालिका र भारतको दिल्ली जाने निर्णय गरियो ।

निर्णय नं. २०:– महानगरपालिकाबाट निर्मीत विभिन्न ऐन, नियम, निर्देशिका तथा कार्यविधि अनुसार देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो । समितिको सूची अनुसूचीमा संलग्न छ ।

## अनुसूची - १

पोखरा महानगरपालिकाको आ.व. २०७९/०८० को दररेट पुस्तकको रुपमा प्रकाशन भएको छ ।

## अनुसूची - २

पोखरा महानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९

पुस्तकको रुपमा प्रकाशन भएको छ ।

अनुसूची-३

## पोखरा महानगरपालिकाका स्वर्णिम अवकाश योजना सम्बन्धी कार्यविधि २०७९

पोखरा महानगरपालिकामा लामो समय देखी करार, सेवा करार र अस्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुलाई स्वर्णिम अवकाश योजना मार्फत व्यवस्थापन गरि स्थानीय सेवालाई प्रतिस्पर्धी उत्तरदायी र छरितो बनाउन बाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ ले दिएको अधिकार प्रयोग गरि पोखरा महानगरपालिका पाँचौ कार्यपालिका बैठकले कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद - १
### प्रारम्भीक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम पोखरा महानगरपालिका स्वर्णीम अवकाश योजना सम्बन्धी कार्यविधि, २०७९ रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

ख) **"कर्मचारी"** भन्नाले संवत २०७४/०६/२९ अगावै पोखरा महानगरपालिका (साविक पोखरा उप-महानगरपालिका, लेखनाथ न.पा. गाभिएका गा.वि.स.) समेतमा करार, सेवा करार र अस्थायी नियुक्ति भएको कर्मचारी सम्झनु पर्छ ।

ग) **"कार्यपालिका"** भन्नाले पोखरा महानगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

घ) **"कार्यालय"** भन्नाले पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

ङ) **"नगर सभा"** भन्नाले पोखरा महानगरपालिका नगर सभालाई सम्झनु पर्छ ।

च) **"प्रमुख"** भन्नाले पोखरा महानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ज) **"महानगरपालिका"** भन्नाले पोखरा महानगरपालिका सम्झानु पर्छ ।

झ) **"महाशाखा"** भन्नाले पोखरा महानगरपालिका प्रशासन महाशाखा सम्झनु पर्छ ।

## परिच्छेद - २

३. **सूचना प्रकाशन गर्ने** : यो कार्यविधि लागू भएपछि प्रशासन महाशाखाले स्वर्णिम अवकाश योजनामा सहभागी हुन चाहने कर्मचारीहरुलाई आवेदन दिन १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ ।

४. **आवेदन दिने** : महाशाखाले जारी गरेको सूचनाको म्याद भित्र अवकाशमा जान चाहनेले निम्नानुसारका कागजात संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ ।

क) स्वर्णिम अवकास योजनामा सहभागी हुन चाहेको अनुसूचि-१ को ढाँचामा निवेदन ।

ख) करार सम्झौताको पहिलो र थप/नविकरण भएको पत्रहरु ।

ग) नियुक्ति हुदाँका बखतको करार सम्झौता पत्र ।

घ) नेपाली नागरिकताको प्रमाण पत्र ।

५. **जाँचबुझ गर्ने** : रितपूर्वक पेश हुन आएका निवेदन महाशाखाले रितपूर्वक लगत खडा गरी जाँचबुझका लागि देहायको समिति समक्ष पेश गर्नु पर्नेछ ।

१. प्रमुख प्रशासकीय अधिकृत : संयोजक

२. प्रशासन महाशाखा प्रमुख : सदस्य

३. वित्त व्यवस्थापन महाशाखा प्रमुख : सदस्य

समितिले पेश हुन आएका कागजात जाँचबुझ गरि अवकाश योजनामा सहभागी हुन योग्य आवेदकलाई दफा ६ बमोजिम सुविधा प्रदान गर्न सिफारिस गर्नु पर्नेछ । समितिले गरेको सिफारिस बमोजिम कार्यालयले सम्बन्धित व्यक्तिलाई भुक्तानी दिने छ ।

## परिच्छेद - ३

**६. अस्थायी वा करार सेवाका कर्मचारीले अवकाश हुँदाका बखत पाउने सुविधा :**

१. यो कार्यविधि प्रारम्भ हुनु पूर्व महानगरपालिकामा पाँच बर्ष भन्दा बढी अवधी अस्थायी वा सेवा करारमा कार्यरत रहेका र स्वेच्छाले राजीनामा दिई सेवाबाट अलग हुन चाहने कर्मचारीलाई एक पटकको लागि देहाय बमोजिम सुविधा प्रदान गरिने छ ।

क) पाँच वर्ष देखी दश वर्ष सम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखीरी आधा महिनाको तलव ।

ख) दश वर्ष भन्दा बढी पन्ध्र वर्ष सम्म सेवा गरेको कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखीरी एक महिनाको तलव ।

ग) पन्ध्र वर्ष भन्दा बढी बीस वर्ष सम्म सेवा गरेको कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त आखीरी डेढ महिनाको तलव ।

घ) बीस वर्ष भन्दा बढी सेवा गरेको कर्मचारीले आफुले काम गरेको वर्षको निमित्त आखीरी दुई महिनाको तलव ।

तर यस बुँदा बमोजिम सुविधा प्रदान गर्दा कुनै पेश्की र असुल उपर गर्नु पर्ने वेरुजु बाँकी भए कट्टा गरी सुविधा उपलब्ध गराइने छ । यस दफा बमोजिम बाहेक थप सुविधा प्रदान गरिने छैन ।

## परिच्छेद - ४, विविधि

७. पदपूर्तिका लागि पठाउने : ऐनको दफा ८३ (८) मा उल्लेखित पद बाहेकका पदहरु २०७९ आश्विन मसान्त भित्र कार्यालयले प्रदेश लोक सेवा आयोगमा स्थायी पदपूर्तिका लागि माग आकृति फाराम भरी पठाउनु पर्नेछ । यसरी स्थायी पदपूर्तिका लागि पठाउदा ऐनको दफा ८७ बमोजिम भाग लिने अवसर प्रदान गरिने छ । उक्त परिक्षामा सहभागी नभएमा वा असफल भएमा स्वत: अवकाश हुने छ ।

८. ऐन प्रारम्भ भएपछि अस्थायी करार सेवा करारमा कार्यरत रही स्वेच्छाले राजीनामा दिई वा अनिवार्य अवकाश पाएका कर्मचारीलाई कार्यपालिकाले यस कार्यविधि बमोजिमको सुविधा प्रदान गर्न सक्नेछ ।

९. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएकों भएता पनि निलम्बनमा रहेको कर्मचारीले स्वर्णिम अवकाश योजनामा सहभागी हुन पाउने छैन ।

१०. यो कार्यविधि बमोजिमको एक पटकको कारवाही समाप्त भए पछि यो कार्यविधि स्वत: निस्कृय हुनेछ ।

**११. बाधा अड्काउ फुकाउने :** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

## अनुसूची १

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
पोखरा महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय  कास्की ।

विषय : अवकाश सुबिधा उपलब्ध गराई पाँउ ।

प्रस्तुत विषयमा यस पोखरा महानगरपालिकाको पोखरा महानगरपालिका स्वर्णिम अवकाश योजना सम्बन्धी कार्यविधि २०७९ बमोजिम मिति .............. मा प्रकाशित सूचना अनुसार अवकाश सुविधा लिई सेवाबाट अलग हुन इच्छुक रहेको हुँदा सोही कार्यविधि अनुसारको सुविधा सहितको अवकाश दिनु हुन अनुरोध छ ।

कर्मचारीको दस्तखत

कर्मचारीको नाम थर :
कार्यरत पद/तह :
मिति :

संलगन कागजातहरु

१. शुरु नियुक्ति पत्र
२. पछिल्लो (हालको) म्याद थप पत्र
३. नेपाली नागरिकताको प्रमाण पत्र
४.........................